**<u>प्रस्तुतीको विषय</u> :**

**रौतामाई गाऊंपालिकाको वन तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तावित विधेयक**

**<u>सहजीकर्ता</u> :**

**अम्बिका प्रसाद पौडेल डिभिजनल वन अधिकृत, गाईघाट उदयपुर**

**पुण्य पौडेल रेञ्जर डिभिजन वन कार्यालय गाईघाट, उदयपुर**

## **रौतामाई गाऊंपालिकाको वन तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना :** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको दीगो व्यवस्थापन एवं समुचित उपयोग गर्दै वातावरण र विकासबीच सन्तुलन कायम गर्न वन तथा प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ५१ को उपधारा (छ) र धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वन तथा प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार प्रयोग गरी प्रचलित वन सम्बन्धी कानूनमा भएको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ) मा उल्लेखित विषयहरु कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न, प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को अधिकार प्रयोग गरी

रौतामाई गाऊंपालिकाको गाऊंसभाले वन तथा जैविक विविधता संरक्षण ऐन, २०७७ बनाएको छ।

### परिच्छेद- १

**प्रारम्भिक**

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम रौतामाई गाऊंपालिकाको "वन तथा जैविक विविधता संरक्षण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन रौतामाई गाऊंपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

(२) **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "आखेटोपहार" भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्ग सम्झनुपर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउँछ।

(ख) "उपभोक्ता समूह" प्रचलित कानून बमोजिम वनको सरक्षण, सवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्न गठन भै दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले रौतामाई गाऊंपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्लास्थल सम्झनु पर्छ।

(ङ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनु पर्छ।

(च) "प्राकृतिक स्रोत संरक्षण परिषद" भन्नाले दफा २५ को उपदफा २ बमोजिम गठित परिषद सम्झनु पर्दछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "डिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय त्रिवेणी, कटारी, उदयपुर सम्झनु पर्छ।

(झ) "गाऊंपालिका " भन्नाले रौतामाई गाऊंपालिका सम्झनु पर्छ।

(ञ) "आपूर्ति समिति" भन्नाले रौतामाई गाऊंपालिका क्षेत्रका सर्वसाधारणको घरकाज, विकास निर्माण वा कृषि औजारको लागि गाऊंपालिकाको क्षेत्राधिकारभित्रको वनक्षेत्रबाट उत्पादन भएको वा अन्यत्रबाट उपलब्ध हुने वन पैदावार आपूर्तीका लागि विक्री गर्न दफा (१३) को उपदफा (५) बमोजिम रौतामाई गाऊंपालिकामा गठित समितिलाई सम्झनु पर्छ ।

(ट) "न्यायिक समिति" भन्नाले संविधानको धारा २१७ बमोजिम गठित रौतामाई गाऊंपालिकाको न्यायिक समिति सम्झनु पर्छ।

(ठ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरि रौतामाई गाऊंपालिकामा दर्ता भएको वन सम्झनु पर्छ।

(ड) "फोहरमैला" भन्नाले घरेलु, औद्योगिक, रासायनिक, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अबस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ।

(ढ) "वडा" भन्नाले रौतामाई गाऊंपालिकाको वडा सम्झनु पर्छ।

(ण) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्ट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(त) "वन पैदावार" भन्नाले रौतामाई गाऊंपालिका भित्रका विभिन्न प्रकारका वनमा रहेका वा पाईएका वा वनबाट ल्याईएका देहायका पैदावार सम्झनु पर्छ:-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, मरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार।

(थ) ‘‘वातावरण’’ भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(द) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसवाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(ध) "शहरी वन" भन्नाले रौतामाई गाऊंपालिकाको शहरी क्षेत्रमा रोपिएका वा हुर्काइएका रुख वा पूर्ण वा आंशिक रुपमा रुख वा बुट्ट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(न) "सव डिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय त्रिवेणी, कटारी, उदयपुर अन्तर्गतको सव डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(प) ‘‘सम्पदा’’ भन्नाले रौतामाई गाऊंपालिका क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(फ) "सामुदायिक वन" भन्नाले रौतामाई गाऊंपालिका क्षेत्रभित्रका स्थानीय समुदायलाई पायक पर्ने राष्ट्रिय वनको भागलाई प्रचलित कानून अनुसार संरक्षण, संवर्धन, व्यवस्थापन र सदुपयोग गर्न गठित स्थानीय समूहको दर्ता गरी ती समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(ब) ‘‘सिमसार’’ भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा स्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ।

(भ) ‘‘संरक्षण’’ भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग समेतलाई सम्झनु पर्छ।

## परिच्छेद - २

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

**(३) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने:** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी गाऊंपालिकाको हुनेछ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा गाऊंपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(ग) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(घ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(ङ) प्रचलित कानून बमोजिम गाऊंपालिकाक्षेत्रमा वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा प्राणी उद्यान, वन्यजन्तु उद्दार केन्द्र चिडियाखाना तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(च) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(छ) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै प्रकारको वनको व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(ज) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुर्‍याउने,

(झ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुन: स्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ञ) गाऊंपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ट) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यापर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ठ) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना सम्बन्धित वडाको सिफारिसमा कार्यान्वयन गराउने

(ड) गाऊंपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ढ) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जनका कार्यक्रमहरु संचालन गर्ने,

(ण) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही गाऊंपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्वन्धी सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

(त) गाऊंपालिकाको क्षेत्राधिकारभित्रको सार्वजनिक तथा शहरी वनक्षेत्रमा गाऊंपालिकाले आवश्यकता अनुसार वाल उद्यान, विभिन्न किसिमका पार्क जस्ता पर्यापर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

**(४)** **निजी वन दर्ता तथा व्यवस्थापन:** (१) निजी वन दर्ता गर्न चाहने कुनै व्यक्ति वा संस्थाले गाऊंपालिकामा निजी वन दर्ताको लागि अनुसूची – १ बमोजिमको ढाँचमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको निवेदन उपर जाँचबुझ हुंदा निजी वन ठहर हुन आएमा गाऊंपालिकाले निजी वन दर्ता गरी अनुसूची– २ बमोजिमको ढाँचमा प्रमाणपत्र दिनु पर्नेछ। गाऊंपालिकाले यस ऐन बन्नुपूर्व डिभिजन वन कार्यालय त्रिवेणी, कटारी, उदयपुरमा दर्ता भएका निजी वनको विवरण लिई पुन दर्ता गरी निजी वन धनीलाई प्रमाणपत्र दिनेछ र गाऊंपालिकामा दर्ता भएको निजी वनको विवरण उक्त सम्बन्धित डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) कसैले व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीबाट उत्पादित वन पैदावार गाऊंपालिका क्षेत्रभित्र संकलन र ओसारपसार गर्नु परेमा गाऊंपालिकाबाट अनुसूची– ३ बमोजिमको ढाँचमा स्वीकृति लिनु पर्नेछ।

तर त्यस्तो वन पैदावार व्यावसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तह वा अन्यत्रको लागि वन पैदावारको संकलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(४) निजी वन धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न, वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(५) निजी वन धनीको अनुरोधमा उपदफा (४) बमोजिमको कामका लागि गाऊंपालिकाले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ।

(६) कसैले निजी वन वा निजी आवादीबाट उत्पादित वन पैदावार घरायसी प्रयोजनको लागि उदयपुर जिल्लाभित्र ओसारपसार गर्नु परेमा गाऊंपालिकाबाट अनुसूची– ४ बमोजिमको ढाँचामा स्विकृति लिनु पर्नेछ।

तर कसैले त्यस्तो वन पैदावार घरायसी प्रयोजनको लागि उदयपुर जिल्लाभन्दा बाहिर ओसारपसार गर्नुपर्ने भएमा डिभिजनल बन कार्यालयबाट संकलन तथा ओसारपसारको स्विकृति लिनु पर्नेछ।

(७) उपदफा (३) र (६) अनुसार निजी वनबाट कटान गरी निकासी भएका जात अनुसारका रुखहरुको लगत विवरण सम्बन्धित निजी वनबाट कट्टा गरेको अभिलेख राखी गाऊंपालिका र सम्बन्धित डिभिजन वन कार्यालयमा एक आपसमा जानकारी आदानप्रदान गर्नुपर्नेछ।

(८) निजी वनको धनीलाई रौतामाई गाऊंपालिकाले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ।

(९) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले आफ्नो निजी जग्गामा तोकिए बमोजिम गाऊंपालिकासंग सम्झौता र समन्वय गरी कृषि वन, जडिबुटी खेति (जस्तै: तेजपात, चन्दन, टिमूर, तितेपाती, लाहा, धसिंगरे लगायतका खेती), प्रचलित कानून बमोजिम वन्यजन्तु पालन तथा चिडियाखाना सञ्चालन आदि कार्य समेत गर्न सक्नेछ। यसका लागि गाऊंपालिकाले आवश्यक प्राविधिक र आर्थिक सहयोगको व्यवस्था गर्न सक्नेछ।

(५) **<u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:</u>** (१) गाऊंपालिका आंफैले वा सार्वजनिक, निजी वा साझेदारीमा गाऊंपालिकाको क्षेत्राधिकारभित्रको सार्वजनिक जग्गामा वनको विकास, गैहृकाष्ठ वन पैदावार तथा जडिवुटी खेती गर्न सक्नेछ। यस्तो कार्यको लागि गाऊंपालिकालाई आवश्यक प्राविधिक सहयोग सम्बन्धित डिभिजन वन कार्यालयबाट लिन सकिनेछ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गर्न चाहेमा गाऊंपालिकाकोले वन तथा जडिवुटी खेतीको विकास, विस्तार, उत्पादन, प्रशोधन एवं वजार प्रवर्द्धनको व्वस्था गर्नुपर्ने छ।

(३) गाऊं क्षेत्रभित्रको सार्वजनिक वा ऐलानी जग्गाको कुनै भाग कुनै कम्पनी वा समुदायले वन तथा जडिवुटी खेतीको विकास विस्तार उत्पादन प्रशोधन एवं वजार प्रवर्द्धन गर्न चाहेमा तोकिए बमोजिम गाऊंपालिकाले उपलब्ध गराउन सक्नेछ। यसरी उपलब्ध गराउंदा जडिवुटीसँग मिल्ने जातको रुख रोप्ने, हुर्काउने र बढाउने गरी शर्त तोकी सम्झौता गर्नुपर्ने छ।

(४) उपदफा (१) बमोजिमको जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर लगायतका वन पैदावरको गाऊंपालिकाले उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ।

(५) गाऊंपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिकस्थल आदि ठाउँमा लगाईएका रुखहरुको संरक्षण गर्न तथा त्यसरी लगाईएका रुखहरु मरेमा, ढलेमा वा जोखिमपूर्ण अवस्थामा रहेको पाईएमा त्यस्ता रुखहरु तोकिए बमोजिमको कार्यविधि पुरा गरी हटाउन तथा बिक्री वितरण गर्ने सक्नेछ।

(६) उपदफा (४) र (५) बमोजिमको वन पैदावारहरुको बिक्रि वितरण गर्ने कार्य तोकिए बमोजिम हुनेछ र त्यस्तो वन पैदावार बिक्रीबाट प्राप्त रकम गाऊंपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) **<u>सहरी वनको विकास र व्यवस्थापन:</u>** (१) गाऊंपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालयबाट लिन सक्नेछ।

(३) गाऊंपालिकाले सहरी वनबाट प्राप्त हुने वन पैदावार तोकिए बमोजिम उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ। यसरी बिक्री बाट प्राप्त हुने रकम गाऊंपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(७) **<u>जोखिमयुक्त रुख हटाउने सम्बन्धि व्यवस्था</u>**: (१) कसैले गाऊंपालिकाको क्षेत्राधिकारभित्र पर्ने वस्ती, शहरी क्षेत्र, सार्वजिनक क्षेत्रका जोखिमयुक्त रुखहरु रहेको भनि हटाउनको लागि सम्बन्धित वडा कार्यालय र वन प्राविधिकको सिफारिस सहित गाऊंपालिकामा अनुसूची– ५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर सम्बन्धित वडा कार्यालय र वन प्राविधिकबाट त्यस्ता रुखहरुको स्थलगत छानविन गरी ती रुखहरु नहटाउंदा मानवीय र भौतिक संरचनामा क्षति हुने तथा त्यस्ता रुखहरु हटाउन उपयक्तु र आवश्यक देखिएको भनी लगत मुल्याङ्कन सहित सिफारिस भै आएमा गाऊंपालिकाले ती रुखहरु हटाई आम्दानी बाँधी तोकिए बमोजिम विक्री वितरण गर्न सक्नेछ।

(३) जोखिमयुक्त रुखहरु हटाउन निर्देशन दिनुपूर्व उक्त रुखहरुको अनगुमन गाऊंपालिकाले गर्नुपर्नेछ।

(४) जोखिमयुक्त रुख हटाउन माग गर्ने निवेदकले हटाईएका त्यस्ता रुखबाट उत्पादन हुने काठ लिन चाहेमा उत्पादित काठ मध्येको कम्तिमा दश प्रतिशत काठ गाऊंपालिकाको वन पैदावार आपूर्ति समितिले आफ्ने दरमा सम्बन्धित निवेदकलाई प्राथमिकता दिई बिक्री वितरण गर्न सक्नेछ।

(८) **वनक्षेत्रको प्रयोग:** गाऊंपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि आवश्यक प्रस्ताव र कार्यपालिकाको निर्णय सहित संघीय सरकार समक्ष अनुरोध गर्नुपर्नेछ।

(९) **वनक्षेत्र भित्र संरचना निर्माण गर्न नहुने:** पर्यापर्यटन कार्यका लागि स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक र प्रचलित कानून बमोजिम बाहेक राष्ट्रिय वन तथा प्रादेशिक वनको वनक्षेत्र भित्र वन तथा वातावरण मन्त्रालयको स्वीकृती विना कुनै पनि प्रकारको सडक, खेलमैदान, हाटबजार, अनावश्यक टावर, पिलर, कंक्रिटाइजेशन जस्ता संरचना निर्माण गरिने छैन।

तर डिभिजन वन कार्यालयबाट स्थानीय उपभोक्ता समूहलाई हस्तान्तरण भएको गाऊंपालिका क्षेत्रभित्रको सामुदायिक वन क्षेत्रमा सम्बन्धित समूहको स्वीकृत वन कार्ययोजनाभित्र रही गाऊंपालिकाले समूहसंगको सहकार्यमा आयआर्जन हुने किसिमका जडिवुटी खेती तथा पर्यापर्यटन प्रवर्धन र पर्यटन अभिवृद्धि हुने खालका कार्यक्रमहरु सम्बन्धित समूहहरुसंग सम्झौता र समन्वय गरी सञ्चालन गर्न सक्ने छ।

(१०) **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन**: (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी गाऊंपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन्।

(२) गाऊंपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सञ्चालन गर्न प्रचलित कानून बमोजिम गाऊंपालिकाले पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ र त्यसरी स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ।

**(११)** **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन:** (१) गाऊंपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ।

(२) गाऊंपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको उपयोग र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून वा तोकिए बमोजिम हुनेछ।

**(१२)** **नदी किनार, नहर किनार र सडक किनारमा वृक्षारोपण**: (१) गाऊंपालिकाको क्षेत्राधिकारभित्रको नदी किनार, नहर किनार र सडक किनारमा कसैले गाऊंपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको वृक्षारोपणको लागि मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**(१३)** **वन पैदावार बिक्री वितरण सम्बन्धि व्यवस्था:** (१) गाऊंपालिकाको क्षेत्राधिकारभित्रको सार्वजनिक वन तथा शहरी वनको व्यवस्थापन गर्दा कार्यपालिकाले स्वीकृत गरेको कार्य योजना अनुसार गर्नु पर्नेछ।

(२) वन पैदावार संकलन गर्दा स्वीकृत कार्य योजना अनुसार प्राप्त हुने वन पैदावारको मात्र संकलन तथा बिक्री वितरण गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाऊंपालिकाको क्षेत्राधिकारको वनमा सुकेका, मरेका तथा बाढी, पहिरो, हावाहुरी, आगजनी जस्ता प्रकोपका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने अवस्था आईपरेमा त्यस्तो वन पैदावारलाई वन प्राविधिकको सिफारिस तथा सहमति लिई संकलन र बिक्री वितरण गर्न सकिनेछ। यसरी संकलन गरिएको वन पैदावार कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुर्याएको मानिने छैन। तर त्यसरी काठ दाउरा संकलन गर्नुपर्ने भएमा आगामी वर्षको बार्षिक स्वीकार्य कटानको परिमाणबाट कट्टा हुने गरी मिलान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको काठ, दाउरा, जडीबुटी वा गैरकाष्ठ वन पैदावार निकाले पछि सो क्षेत्रमा यथाशीघ्र बृक्षारोपण वा वनको पुनरुत्थानका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(५) उपदफा (२) र (३) बमोजिम प्राप्त हुने वन पैदावार गाऊंपालिकाका सर्वसाधारणको घरकाज, कृषि औजार, दैविविपत्ती तथा दाहासंस्कार र स्थानीय विकास निर्माण कार्यमा आपूर्ती व्यवस्थाका लागि गाऊंपालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहेको एक वन पैदावार **आपूर्ति समिति** गठन गर्न सक्नेछ:

| | |
|---|---|
| क गाऊंपालिका प्रशासकिय प्रमुख | अध्यक्ष |
| ख लेखा शाखा प्रमुख | सदस्य |
| ग वातावरण ईकाईका प्रमुख | सदस्य |
| घ डिभिजन वन कार्यालयले तोकेको स.व.अ. १ जना | सदस्य |

ङ गाऊंपालिकाबाट मनोनित १ जना महिला, सावउस
गाऊं महासंघका प्रतिनिधी १ सहित २ जना सदस्य

च वन तथा वातावरण ईकाईका प्रमुख सदस्य सचिव

(६) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित सदस्को पदावधी दुई वर्षको हुनेछ।

(७) गाऊंपालिकाको आपूर्ति समितिले बिक्री गर्ने वन पैदावारको स्रोत निजी आवादीबाट खरिद गरेको तथा सार्वजनिक शहरी क्षेत्रको वन व्यवस्थापनबाट उत्पादन भएको वन पैदावार हुन सक्नेछ।

(८) आपूर्ति समितिले वन पैदावारको सरकारी मोलमा लागत खर्च र प्रशासनिक खर्च तथा ओभरहेड खर्च जोडी कायम गरेको मोलको अधारमा बिक्री मोल कायम गर्नेछ।

तर परम्परादेखि चलि आएको धार्मिक कार्य तथा शीतलहरको समस्यालाई हल गर्न काठ दाउरा माग भएमा गाऊंपालिकाले निर्धारण गरे बमोजिम आपूर्ति समितिले विना मूल्यमा तथा कृषि औजार, दैविविपत्ती तथा दाहासंस्कार प्रयोजनका लागि लागत खर्च र ओभरहेड खर्चमा राजस्वको दश प्रतिशत मोल जोडी कायम हुने मोलमा विक्री गर्न सक्नेछ।

(९) आपूर्ति समितिले बिक्री गरेको काठ दाउरा समयमै उठाइ नलगेमा वा बिक्री वितरण गर्न बाँकी रही सडीगली जान सक्ने अवस्था भएमा वा आपूर्ति समितिलाई पर्याप्त भई बढी हुने भएमा अधिकार प्राप्त अधिकारीले सरकारी मोल र लागत खर्च नघटाइ वन पैदावारमा अधारित उझोगलाई सोझै वा प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

(१०) गाऊंपालिका क्षेत्रभित्र वन पैदावारको आपूर्तीको लागि काठ दाउराको अभाव हुदा गाऊंपालिका क्षेत्रभित्रका सामुदायिक वनबाट उत्पादित काठ दाउरा गाऊंपालिका क्षेत्र भन्दा बाहिर बिक्री गर्नुपूर्व गाऊंपालिका भित्रको आपूर्तीको लागि प्राथमिकता दिनु पर्नेछ।

(११) उपदफा (१०) बमोजिमको सामुदायिक वनबाट प्राप्त हुने काठ आपूर्ती समितिले लिन चाहेमा सोको लागि जिल्लाको सम्बन्धित वन पैदावार आपूर्ती समितिसंग समन्वय गरी वन पैदावार प्राप्त भएपछि प्रचलित सरकारी मोल र सङ्कलन लागत खर्च समेतको मोलमा खरिद गरी गाऊं आपूर्ती समितिको मोलमा स्थानीय आपूर्तीको लागि मात्र बिक्री वितरण गर्नु पर्नेछ।

तर त्यसरी प्राप्त भएको काठ दाउरा गाऊंपालिकाको आपूर्ती समितिबाट एक वर्षभित्र बिक्री हुन नसकेमा जिल्ला वन पैदावार आपूर्ती समितिलाई फिर्ता गर्नु पर्नेछ।

(१२) **आपूर्ती समिति**को आम्दानी खर्चको विवरण समितिले छुट्टै राख्नु पर्नेछ र यसको खाता छुट्टै हुनेछ। समितिको खाता सञ्चालन गाऊंपालिकाले निर्धारण गरे बमोजिम हुने र लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

**(१४) <u>वन पैदावार प्राप्त गर्न निवेदन दिनुपर्ने:</u>** (१) वन पैदावार प्राप्त गर्न चाहने कुनै व्यक्ति, फर्म वा संघ सस्थाले आफूलाई चाहिने वन पैदावार प्राप्त गर्न दफा (१२) को उपदफा (१) बमोजिमको आपूर्ति समितिमा देहायका कुरा खुलाई निवेदन दिनुपर्ने छ:

(क) वन पैदावारको नाम,

(ख) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) वन पैदावारको किसिम र परिमाण,

(घ) वन पैदावार लिन चाहेको प्रयोजन,

(ङ) वन पैदावार प्रयोग गर्न ठाउँ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा गाऊंपालिकाको अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबझु गरी कार्य योजना अनसुार उत्पादन भएको वन पैदावार विक्री वितरण गर्दा अनुसूची– ६ बमोजिमको ढाँचामा ईजाजत पत्र दिनु पर्नेछ।

(३) अधिकार प्राप्त अधिकारीले निवेदन दिने व्यक्ति, फर्म वा संघ सस्थाले आपूर्ति समितिबाट तोकिए बमोजिमको मूल्य, शुल्क वा दस्तुर अग्रिम रुपमा बुझाएर मात्र इजाजतपत्र दिनुपर्नेछ।

(४) गाऊंपालिकाले लिलाम बिक्री गर्ने वा आपूर्ती समितिबाट बिक्री हुने वन पैदावार खरिद गर्ने व्यक्तिलाई अनुसूची– ७ बमोजिमको ढाँचामा दुई प्रति रसिद बनाई एक प्रति खरिदकर्तालाई र एक प्रति गाऊंपालिकामा राख्नु पर्नेछ।

**(१५) <u>वन पैदावार संकलन, बिक्री वितरण तथा ओसारपसार, ईजाजतपत्र र टाँचा:</u>** (१) यस ऐन बमोजिम कसैले गाऊंपालिकाको ईजाजतपत्र नलिई गाऊंपालिकाको क्षेत्राधिकार भित्रको निजी, सार्वजिनक वा शहरी वनबाट कुनैपनि किसिमको वन पैदावार प्राप्त गर्न, कटान तथा सङ्कलन गर्न, हटाउन, बिक्री वितरण, निकासी वा ओसारपसार गर्न पाइने छैन र उपरोक्त उद्देश्यले वन क्षेत्रभित्र प्रवेश गर्न समेत पाइने छैन।

(२) ईजाजतपत्र प्राप्त गरेको कुनै व्यक्ति वा निकायले त्यस्तो वनक्षेत्रमा कुनै काठ वा दाउरा काट्दा, टुक्रयाउँदा वा वनबाट निकाल्दा इजाजतपत्रमा उल्लेख गरिएको शर्त अनिवार्य रुपले पालना गर्नु पर्नेछ।

(३) वनक्षेत्रमा रुख कटान, संकलन तथा ओसारपसार गर्ने श्रमिकको न्यूनतम सरक्षणको प्रवन्ध गर्नु पर्नेछ।

(४) गाऊंपालिकाको क्षेत्रिधिकार भित्रको रुखको छपान, कटान, मुछान, काठ बिक्री वितरण र ओसारपसार गर्दा गाऊंपालिकाको टाँचा अनिवार्य लगाउनु पर्नेछ।

(५) रुखको छपान गर्न अनुसूची– ८ बमोजिमको छपान टाँचा, कटान क्षेत्रबाट गोलिया काठ ओसारपसार गरी घाटगद्दीसम्म ल्याउन अनुसूची– ९ बमोजिमको पासिङ्ग टाँचा, गाऊंपालिकाबाट लिलाम बिक्री भएको गोलिया काठमा निस्सा लगाउन अनुसूची– १० बमोजिमको टाँचा र आपूर्ति समितिले बिक्री गरेको गोलिया काठमा निस्सा लगाउन अनुसूची– ११ बमोजिमको टाँचा अनिवार्य प्रयोग गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको टाँचाहरु गाऊंपालिकामा अलग अलग दर्ता गर्नु पर्नेछ

(७) कसैले पनि टाँचाको दुरुपयोग गर्न पाईने छैन।

(८) गाऊंपालिकाले आफ्नो टाँचाको सुरक्षा गर्नु पर्नेछ र कुनै कारणबाट हराएमा वा नोक्सान भएमा गाऊंपालिकामा सोको तत्काल जानकारी दिई पुरानो रद्द गराई नयाँ टाँचा बनाई प्रयोग गर्नु पर्नेछ।

(९) कसैले गाऊंपालिकाबाट खरिद गरेको वन पैदावार ओसारपसार गर्नुपूर्व नियमानुसारको राजश्व, कर आदि दाखिला गरी गाऊंपालिकाको अधिकार प्राप्त अधिकारीबाट टाँचा लगाई निकासीको लागि अनसुची- १२ बमोजिमको ढाँचामा इजाजत लिई दरपिठ गराई ओसारपसार गर्नुपर्नेछ र यसरी ओसारपसार गर्दा सोको जानकारी सम्बन्धित वन कार्यालय र बाटोमा पर्ने चेकपोष्टहरुलाई जानकारी दिनुपर्नेछ।

(१०) दरपिठ गर्ने कर्मचारीले दरपिठ गर्दा वन पैदावारको परिमाण, ढुवानी साधनको नाम, ढुवानी साधनको नम्वर, दरपिठ गर्ने कर्मचारीको नाम, दस्तखत, पद र दरपिठ गरेको समय स्पष्ट खुल्ने गरी अनिवार्य उल्लेख गर्नुपर्नेछ।

(११) गाऊंपालिकाको अधिकार प्राप्त अधिकारी वा वन कर्मचारी वा प्रहरीलाई शङ्का लागेमा गाऊंपालिका क्षेत्रमा भएको जुनसुकै वन पैदावारमा आधारित उद्योग (सःमील तथा फर्निचर उद्योगहरु लगायतका) तथा जनुसकै वन पैदावार जुनसुकै समयमा अनुगमन र जाँचबझु गर्न सक्नेछ। ती उद्योगहरुले आफूसंग भएको वन पैदावारको स्रोत सम्बन्धी विवरण दुरुस्त राख्नुपर्नेछ।

**(१६)** **रुखको छपान गर्ने, काठ दाउरा नाप्ने र आयातन निकाल्ने तरिका:** रुखको छपान तथा मूल्याङ्कन गर्ने र काठ दाउराको आयतन निकाल्ने तरिका प्रचलित कानून बमोजिम हुनेछ।

**(१७)** **काठको विगो कायम गर्ने:** वन जङ्गलमा नोक्सान भई ठूटा मात्र रहेको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्दा प्रचलित कानून बमोजिम ठूटाबाट आयतन निकाली रोयल्टी दरले गुणन गरी बिगो कायम गरिनेछ।

**जैविक विविधता संरक्षण**

**(१८)** **जैविक विविधताको संरक्षण गर्नुपर्ने:** (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी गाऊंपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ. (GMO) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ ।

**(१९) <u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने</u>:** (१) गाऊंपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(२०) <u>सामुदायिक वनको योजना र कोष परिचालन सम्बन्धि व्यवस्था</u>:** (१) गाऊंपालिका क्षेत्रभित्रको सरकारी वनको सरक्षण, सवर्धन र व्यवस्थापन गर्न सामुदायिक वनको रुपमा कार्य गरेका सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत वन कार्ययोजना बमोजिम वन पैदावारको सकलन र विक्री वितरण गर्ने वार्षिक योजना गाऊंपालिकामा बुझाउनु पर्नेछ ।

(२) उपभोक्ता समूहले वन पैदावारको सकलन तथा व्यावसायिक प्रयोजनको लागि विक्री वितरण गर्न गाऊंपालिकाको सम्बन्धित वडाको सिफारिस लिनु पर्नेछ ।

(३) उपभोक्ता समूहले व्यावसायिक प्रयोजनको लागि विक्री गरेको वन पैदावारको विक्री मोलको दश प्रतिशत रकम गाऊंपालिकाको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(४) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चीस प्रतिशत रकम वनको विकास, सरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बांकी रकमको कम्तिमा पचास प्रतिशत रकम गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उझम विकास कार्यमा गाऊंपालिकासग समन्वय गरी खर्च गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम उपलब्ध हुने र उपदफा (४) बमोजिम व्यवस्थापन गर्नुपर्ने रकमलाई गाऊंपालिकाले स्थानीय सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजनालाई विशेष ध्यान दिई समूहका प्रतिनिधी र सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधीसंगको समन्वयमा कार्यक्रम बनाई समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिनेछ । साथै उक्त रकमलाई स्थानीय समुदायसंग सहकार्य गरी स्थानीयस्तरमा आयआर्जनका कार्यक्रमहरु जडिवुटी खेती, नर्सरी स्थापना, बिरुवा उत्पादन, वनबीउ बगैंचा स्थापना, वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन र उपयोग लगायतका हरियाली प्रवर्धन र वातावरण सरक्षणका क्रियाकलापहरुमा अधिकतम सदुपयोग हुने व्यवस्था मिलाइनेछ ।

(६) गाऊंपालिका क्षेत्रिभत्र रहेका सामुदायिक वन उपभोक्ता समूहले गरेका क्रियाकलापहरुको अनुगमन र नियमनमा वन कार्यालय,

सामुदायिक वन उपभोक्ता महासंघसंग समेत समन्वय र सहकार्यको भूमिका गाऊंपालिकाले गर्न सक्नेछ।

**(२१)** **स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने:** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ।

**(२२)** **खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था:** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

**(२३)** **जलाधार संरक्षण गर्नुपर्ने:** (१) गाऊंपालिका क्षेत्रभित्रका जलाधारको संरक्षण गर्नु गाऊंपालिका, नागरिक र सम्बन्धीत निकायको कर्तव्य हुनेछ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि वनाई गाऊंपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ।

## परिच्छेद - ३

### संस्थागत व्यवस्था

**(२४)** **प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन**: (१) गाऊंपालिकामा हरियाली प्रवर्धन मार्फत प्राकृतिक वातावरण र जैविक विविधताको संरक्षणका लागि प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

(३) प्राकृतिक स्रोत संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ।

**(२५)** **प्राकृतिक स्रोत संरक्षण परिषद गठन गर्न सक्ने:** (१) गाऊंपालिकामा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न, प्राकृतिक वातावरण र जैविक विविधता सम्बन्धी विशेषज्ञ सम्मिलित प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका २३ जना सदस्यहरू रहनेछन;

| | |
|---|---|
| (क) गाऊंपालिका प्रमुख | - अध्यक्ष |
| (ख) गाऊंपालिका उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) स्वास्थ्य समिति संयोजक | - सदस्य |
| (ङ) वन, वातावरण समिति संयोजक | - सदस्य |
| (च) गाऊंपालिकाका वडाध्यक्षहरु --- जना | - सदस्य |
| (छ) वन, वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ (१ महिला सहित) ३ जना | - सदस्य |
| (ज) स्थानीय सामुदायिक वन उपभोक्ता महासंघ र वन उपभोक्ता समितिहरूवाट १, २ जना र कार्यपालिकाले तोकेका १ महिला समेत गरी ४ जना | - सदस्य |
| (झ) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | - सदस्य |
| (ञ) वातावरण शाखा संयोजक | - सदस्य सचिव |

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

**(२६)** **समितिहरु गठन गर्न सक्ने**: (१) कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार स्थानीयस्तरमा रैथाने प्रजातीको संरक्षण, मिचाहा प्रजातीको नियन्त्रण, हरियाली प्रवर्दन, वातावरणीय जोखिम न्यूनीकरण, प्रदुषण र हानिकारक पदार्थहरूको नियन्त्रण/नियमन र व्यवस्थापन, न्यून कार्वनमुखी तथा वातावरण मैत्री विकास अवलम्बन, जैविक विविधताको अभिलेखाङ्कन, लगायत कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

**(२७)** **अनुगमन तथा मूल्यांकन:** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा (२५) बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूवाट गर्नेछ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**(२८)** **वातावरण संरक्षण योजना तर्जुमा गर्ने**: (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ४

**कसूर र जरिवाना :**

**(२९) कसूर: कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिने छः -**

(क) गाऊंपालिकाको ईजाजत नलिई सार्वजनिक एलानी पर्ति शहरी क्षेत्रको रुख विरुवा काट्ने भाँच्ने वा नोक्सानी हुने कार्य गर्ने
(ख) विना ईजाजत सार्वजनिक एलानी पर्ति शहरी क्षेत्रको रुख काटी ओसारपसार गर्न।
(ग) सार्वजनिक पार्क सडक किनार पानीको मूल लगायतको क्षेत्रमा भएका रुखहरु नोक्सानी गरी हिनामिना गर्न
(घ) निजी जग्गाधनीको सहमति वेगर निजको जग्गाको रुख काट्न वा नोक्सान गर्न।
(ङ) टाँचाको दुरुपयोग गर्न।
(च) निषेधित क्षेत्रमा घरपालुवा जनावर चरिचरण गर्न वा छाडा छोड्न।
(छ) सार्वजनिक वा शहरी क्षेत्रमा वा गाऊंपालिकाको नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका बिरुवा काट्ने, भाँच्ने, उखेल्न वा अरु कुनै प्रकारले नोक्सान गरेमा,
(ज) सार्वजनिक वा शहरी क्षेत्रको जग्गा अतिक्रमण गर्न।
(झ) सार्वजनिक वा शहरी क्षेत्रको जग्गा दर्ता गर्न।
(ञ) यो ऐन र यस अन्तर्गत बनेका नियम र कार्यविधिको बर्खिलापको कसूर गरेमा

**(३०) सजायं तथा जरिवाना**: (१) कसैले यो ऐन वा यस अन्तर्गत वनेका नियम कार्यविधि वा मापदण्ड विपरित कार्य गरी दफा (२९) अनुसारको कसूर गरे गराएमा देहाय बमोजिमको सजाय तथा जरिवाना हुने छ:

(क) खण्ड (क) र (ग) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई गाऊंपालिकाको न्यायिक समितिले विगो अशुल गरी पहिलो पटक भए विगो बमोजिम जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा विगो अशुल गरी विगोको दोब्बर जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले थप जरिवाना निजबाट असूल उपर गर्न सक्नेछ।

(ख) खण्ड (ख) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई न्यायिक समितिले विगो असुल गरी विगो बमोजिम जरिवाना हुनेछ । ढुवानी साधनको हकमा पाँच हजारसम्मको मोलपर्ने विगो भए दश हजारसम्म थप जरिवाना, दश हजारसम्मको मोलपर्ने विगो भए पन्ध्र हजारसम्म थप जरिवाना, दश देखि विस हजारसम्मको विगो भए पच्चीस हजारसम्म जरिवाना र विस हजार माथीको विगो भए तीस हजारसम्म जरिवाना हुनेछ। दोस्रो पटक सोही कसूर गरेमा विगोको दोब्बर थप जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले थप जरिवाना निजबाट असूल उपर गर्न सक्नेछ।

(ग) खण्ड (घ) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई विगो वा नोक्सानीको परिमाण बराबरको रकम जग्गा धनीलाइ उपलब्ध गराई सोही बराबरको रकम थप जरिवाना असुल गरिने छ र पटकेको हकमा प्रत्येक पटकको लागि थप दुइ हजार जरिवाना असुल गरिने छ।

(घ) खण्ड (ङ) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई नोक्सानी भएको विगो असुल गरी विगो बमोजिमको रकम थप जरिवाना असुल गरिनेछ। त्यस्तो ब्यक्तिलाई टाँचाको जिम्मेवारीबाट मुक्त गरिने छ र कर्मचारीले सो कार्य गरेको भए विभागिय कारबाही गर्न सकिने छ।

(ङ) खण्ड (च) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई नोक्सानी भएको विगो बमोजिमको रकम जरिवाना गरी असुल गरिने छ र प्रत्येक पाल्तु जनावरको हकमा तपशिल अनुसार थप जरिवाना असुल गर्न सकिने छ:

(अ) भेडा, बाख्रा जातको भए सय रुपैयाँदेखि दुई सय रुपैयाँसम्म, (आ) हात्ती भए एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म, (इ) अन्य चौपाया भए एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म।

(च) खण्ड (छ) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जररबाना हुनेछ र सोही कसुर पुन गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटक बीस हजार रुपैयाँसम्म जरिबाना असुल गरिनेछ।

(छ) खण्ड (ज) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सिफारिस गरिनेछ।

(ज) खण्ड (झ) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सिफारिस गरिनेछ।

(झ) खण्ड (ञ) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई कसूरको मात्रा अनुसारको मुल्याङ्कन गरी सोही बमोजिमको रकम जरिवाना गरी असुल गरिने छ।

**(३१) निवेदन वा उजूरी दिन सक्ने:** (१) कसैले यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा गाऊंपालिकामा निवेदन वा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी दिने ब्यक्तिको सरक्षण गर्ने दायित्व न्यायिक समिति र गाऊंपालिकाको हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त उजूरी वा निवेदन उपर न्यायिक समितिको छानविनबाट प्राप्त वन पैदावार तथा गाऊंपालिकाको क्षेत्राधिकार भित्रको वन पैदावार सुरक्षाकर्मी वा वन कर्मचारीबाट वरामद भई गाऊंपालिकालाई उपलब्ध भएको वन पैदावार गाऊंपालिकाको सम्पत्ती हुनेछ र सोको बिक्री वितरण गाऊंपालिकाले गर्नेछ।

**(३२) कसुर वा उजुरीको अनसुन्धान र निरुपण**: यस ऐन बमोजिम कसुर वा उजुरीको अनुसन्धानको व्यवस्था र दफा (३०) बमोजिमको सजाय तथा जरिवानाको निरुपण गाऊंपालिकाको न्यायिक समितिले गर्नेछ।

**(३३) प्रोत्साहन पुरस्कार:** दफा (३१) को उपदफा (३) बमोजिम बिक्री भएको वन पैदावारबाट प्राप्त रकम मध्येको दस प्रतिशत रकम सम्बन्धित उजूरीकर्ता वा निवेदनक वा काठ वरामद गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कार दिईनेछ।

**(३४) पुनरावेदन:** (१) दफा (३२) बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

**(३५) सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने:** वन, वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त गाऊंपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि थप सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

## परिच्छेद- ५

### विविध

**(३६) ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमा:** (१) गाऊंपालिकाको क्षेत्राधिकार क्षेत्रभित्र रहेको ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ।

(२) उपदफा(१) बमोजिमको मापदण्डको अधीनमा रही गाऊंपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

**(३७) समन्वय र सहजीकरण गर्ने:** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाऊंपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

**(३८) सर्वेक्षण:** गाऊंपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ।

**(३९) गुनासो व्यवस्थापन:** गाऊंपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ।

**(४०) परामर्श लिन सक्ने:** गाऊं कार्यपालिका वा न्यायिक समिति वा वातावरण शाखा (इकाई) ले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

**(४१) अधिकार प्रत्यायोजन गर्न सक्ने:** यस ऐनमा लेखिएका कार्यहरु सरल र सहज ढंगबाट सेवा प्रवाह गर्न गाऊंपालिकाले वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्न सकिने छ।

**(४२) नियम बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम कार्यपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरे पश्चात लागू हुनेछ।

**(४३) मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने:** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

**(४४) ऐनको बचाउ र थप व्यवस्था:** (१) यस ऐनमा उलेखित प्रावधानहरु यसै बमोजिम र कुनै प्रावधानहरु संघ र प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म तथा ऐनमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछन्।

(२) यस ऐनमा उल्लेखित प्रावधानहरुको अन्तिम ब्याख्या गर्ने अधिकार गाऊंसभामा निहित रहने छ।

(३) ये ऐनलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपालको संविधान, नेपाल सरकारको निर्देशन र प्रचलित कानून बमोजिम कार्यपालिकाले यसमा थप व्यवस्था र संशोधन गर्न सक्नेछ।

अनुसूची– १

(दफा (४) को उपदफा (१) सँग सम्बन्धीत)

**रौतामाई गाऊंपालिका,**
**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**
**१ नं प्रदेश**

**निजी वन दर्ताको लागि दिने निवेदनको नमूना**

मिति ..................

श्री प्रमुख प्रशासकिय प्रमुख ज्यू
रौतामाई गाऊंपालिका, भूटार, उदयपुर ।

प्रदेश वन ऐन, २०७७ तथा रौतामाई गाऊंपालिकाको वन ऐन २०७७ को अधिनमा रही यस गाऊंपालिका वार्ड न ...... मा रहेको मेरो हकभोगको कित्ता न ...... ...... ...... ...... को आफ्नै निजी जग्गामा रहेका देहायका वन पैदावारहरुलाई ................. रौतामाई गाऊंपालिकामा निजी वनको रुपमा दर्ता गर्नुपर्ने भएकोले सोका लागि सिफारिस गरी पाउँ भनि यो निवेदन पेश गरेको छु।

| क्रस | जग्गाधनीको नाम ठेगाना | कित्ता न | क्षेत्रफल | रुखको जात | सख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निजी वन धनीको

नाम:
दस्तखत:
मिति:

अनुसूची– २

(दफा (४) को उपदफा (२) संग सम्बन्धीत)

**निजी वन दर्ता प्रमाणपत्रको ढाँचा**

**रौतामाई गाऊंपालिका,**

**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**

**१ नं प्रदेश**

मितिः …………………..

## निजी वन दर्ताको प्रमाणपत्र

तपाईले यस गाऊंपालिकामा निजी वन दर्ता गराई पाउँ भनि पेश गरेको कागजातहरु अध्ययन हुँदा रौतामाई गाऊंपालिकाको वन ऐन, २०७७ को अधिनमा रही देहायको निजी वन तथा निजी आवादी जग्गामा लगाएको रुखहरुलाई निजी वनको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिईएको छ।

निजी वन धनीको नाम, थर र ठेगाना :

निजी वन भएको जग्गाको चारकिल्ला:

निजी वन भएको जग्गाको कित्ता नम्वर र क्षेत्रफल :

जम्मा क्षेत्रफल :

| क्र.स. | प्रजातीको नाम | सख्या | | कि.नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | विरुवा | रुख | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

प्रमाणपत्र दिने अधिकृतको

नाम:

पद: प्रमखु प्रशासकीय अधिकृत

दस्तखत / मिति:

**द्रष्टब्यः**

यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन सय रुपैयाँ दस्तुर लाग्नेछ।

अनुसूची– ३

(दफा (४) को उपदफा (३) संग सम्बन्धीत)

**निजी वन वा निजी आवादीबाट उत्पादित वन पैदावार रौतामाई गाऊंपालिका क्षेत्रभित्र ओसारपसारका लागि दिईने ईजाजतको नमूना**

**रौतामाई गाऊंपालिका,**
**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**
**१ नं प्रदेश**

मिति: …………………..

श्री ..............................
.................................. ।

विषय: ईजाजत दिईएको सम्बन्धमा।

तपाईको निजी आवादीको जग्गामा भएको रुखहरु कटानमुछान गरी यस गाऊंपालिका क्षेत्रिभत्र अफूखुशी विक्री गर्न पाउं भनि दिएको निवेदन उपर यस कार्यालयबाट चेकजाँच निरीक्षण हुदा मनासिव देखि नियमानुसार कटानमुछान भई उत्पादन भएको ............... टाँचा निसाना लागेको ( काठको हकमा मात्र ) तपसिल अनुसारको जात थान र परिमाणको काठ/दाउरा/जडिवुटी आजको मितिले ............... दिनभित्र .................... स्थानबाट यस गाऊंपालिकाको वडा नं ...... को ................... स्थानसम्म उठाई लैजाने गरी यो ईजाजत दिईएको छ। सम्वन्धित सव डिभिजन वन कार्यालय वा वन चेक पोष्टमा अनिवार्य रुपमा चेकजाँच गराई लैजानुहोला।

तपसिल
१. कटान रुख संख्या : ......... जातको ..... वटा ........... जातको ..... वटा २. कित्ता नं. :
३ उत्पदित पैदावारको विवरण:
(क) काठ: .................... क्यू. फिट (ख) दाउरा: ........... चट्टा
(ग) जडिबुटी: ................. किग्रा. (घ) अन्य वन पैदावारहरुः ..............................
४. ओसारपसार गर्ने वन पैदावारको विवरण:
(क) काठ: .................... क्यू. फिट (ख) दाउरा: ........... चट्टा
(ग) जडिबुटी: ................. कि.ग्रा. (घ) अन्य वन पैदावारहरुः ..............................
४. टाँचाको विवरण (काठको हकमा): ...................

ईजाजत दिने कर्मचारीको
नाम:
पद:
दस्तखत / मिति:

वोधार्थ
................ वन कार्यालय ................
बाटोमा पर्ने वन पैदावार चेकपोष्ट

अनुसूची– ४

(दफा (४) को उपदफा (८) संग सम्बन्धीत)

**निजी वन वा अवादीबाट उत्पादित वन पैदावार घरायसी प्रयोजनका लागि उदयपुर जिल्लाभित्र ओसारपसारका लागि दिईने ईजाजत पत्रको नमूना**

## रौतामाई गाऊंपालिका,
## गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर
## १ नं प्रदेश

मिति: …………………..

श्री ..............................

.................................. ।

विषय: ईजाजत दिईएको सम्बन्धमा ।

तपाईको निजी आवादीको जग्गामा भएको रुखहरु कटानमुछान गरी उदयपुर जिल्लाभित्र .............. स्थानसम्म घरायसी प्रयोजनको लागि लैजान पाउं भनि दिएको निवेदन उपर ......................... बाट चेकजाँच निरीक्षण हुदा मनासिव देखि नियमानुसार कटानमुछान भई उत्पादन भएको ................ टाँचा निसाना लागेको (काठको हकमा मात्र) तपसिल अनुसारको जात थान र परिमाणको काठ/दाउरा/जडिवुटी आजको मितिले ............... दिनभित्र .................... स्थानबाट उदयपुर जिल्लाको ..................... स्थानसम्म उठाई लैजाने गरी यो ईजाजत दिईएको छ । सम्वन्धित सवडिभिजन वन कार्यालय र वन चेकपोष्टमा अनिवार्य रुपमा चेकजाँच गराई लैजानुहोला ।

तपसिल

१. कटान रुख संख्या : ......... जातको ..... वटा ........... जातको ..... वटा २. कित्ता नं. :

३. ओसारपसार गर्ने वन पैदावारको विवरण:

(क) काठ: .................... क्यू. फिट (ख) दाउरा: ........... चट्टा

(ग) जडिबुटी: ................. किग्रा. वा (घ) अन्य वन पैदावारहरुः ..............................

४. टाँचाको विवरण (काठको हकमा): ...................

ईजाजत दिने कर्मचारीको

नाम:

पद:

दस्तखत / मिति:

वोधार्थ

................ वन कार्यालय ................

बाटोमा पर्ने वन पैदावार चेकपोष्ट

अनुसूची– ५

(दफा (७) को उपदफा (१) संग सम्बन्धीत)

**जोखिमयुक्त रुख हटाउन दिने निवेदनको ढाँचा**

**रौतामाई गाऊंपालिका,**
**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**
**१ नं प्रदेश**

मिति: …………………..

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रौतामाई गाऊंपालिका, भूटार, उदयपुर।

बिषय जोखिमयुक्त रुख हटाई पाउ भन्ने सम्बन्धमा।

प्रस्तुत बिषयमा रौतामाई गाऊंपालिका वडा न ……. स्थीत …….. टोलमा …….. जातका …….. वटा रुखहरुको कारण …….. …….. किसिमको मानवीय र भौतिक क्षती हुन सक्ने जोखिमको सामना गर्नु पर्ने अवस्था देखिएकाले ती जोखिमयुक्त रुखहरु हटाई समयमै जोखिमबाट बच्ने व्यवस्थाको लगि अनुरोध छ।

निवेदक:
नाम:
ठेगाना:
दस्तखत:

अनुसूची– ६

(दफा (१४) को उपदफा (२) संग सम्बन्धीत)

**गाऊं आपूर्ती समितिबाट विक्री भएको काठको दिईने ईजाजत पत्रको ढाँचा**

**रौतामाई गाऊंपालिका,**
**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**
**१ नं प्रदेश**

मिति: …………………..

श्री ..............................

.................................. ।

विषय: ईजाजत दिईएको सम्बन्धमा ।

तपाईले आफ्नो घर निर्माणको लागि काठ उपलब्ध गराई पाउ भनि यस समितीमा दिनुभएको निवेदन उपर छानविन हुदा उपयुक्त देखिएको हुदा ............... टाँचा निसाना लागेको तपसिल बमोजिमको वन पैदावार आजको मितिले ............... दिनभित्र .................... स्थानबाट ......................... स्थानसम्म उठाई लैजाने गरी यो ईजाजत दिईएको छ । सम्वन्धित सव डिभिजन वन कार्यालय वा वन चेकपोष्टमा अनिवार्य रुपमा चेकजाँच गराई लैजानुहोला ।

| क्रस | वन पैदावारको विवरण | | | प्रति ईकाई दर रु. | जम्मा रकम रु. | संकलन खर्च रु. | मु.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | किसिम र जात | थान | परिमाण | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

ईजाजत दिने कर्मचारीको

नाम:

दस्तखत / मिति:

वोधार्थ

…............. वन कार्यालय …..............

बाटोमा पर्ने वन पैदावार चेकपोष्ट

अनुसूची– ७

(दफा (१४) को उपदफा (४) संग सम्बन्धीत)

**गाऊंपालिका वा आपूर्ती समितिबाट विक्री भएको काठ दाउराको लागि दिईने रसिदको नमूना**

**रौतामाई गाऊंपालिका,**

**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**

**१ नं प्रदेश**

मिति: …………………..

रसिद नं: आ.व.:

विक्री गर्ने निकायको नाम: खरिदकर्ताको नाम र ठेगाना:

| क्र.स. | वन पैदावारको विवरण | | | | दर प्रति ईकाई | जम्मा रकम | संकलन खर्च | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | किसिम | जात | थान | परिमाण | | | | | |
| | गोलिया क्यू.फि. | | | | | | | | |
| | चिरान क्यू.फि. | | | | | | | | |
| | दाउरा चट्टा | | | | | | | | |
| | जडिवुटी कि.ग्रा. | | | | | | | | |

रसिद काट्ने कर्मचारीको नाम थर:

पद:

दस्तखत:

अनुसूची– ८

(दफा (१५) को उपदफा (५) संग सम्बन्धीत)

**रौतामाई गाऊंपालिकाको छपान टाँचाको नमूना**

**रौतामाई गाऊंपालिका,**

**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**

**१ नं प्रदेश**

**रौ. गा.पा. उदयपुरको छपान टाँचाको नमूना**

डायमीटर १.४ (३.५ सेमी) इञ्चको गोलाकार वीचमा गाऊंपालिकाको लोगो राख्ने र निम्न अनसुार National Database अनसुार Code राख्ने।

(क) माथि जिल्ला कोड UDA
(ख) तल स्थानीय तहको कोड …..
(ग) तल वीचमा टाँचाको नाम **" रौ.गा.पा. का"** राख्ने
(घ) टाँचाको संख्याको आधारमा त्यसको तल टाँचा नम्वर राख्ने

अनुसूची– ९

(दफा (१५) को उपदफा (५) संग सम्बन्धीत)

**ओसारपसार गर्ने काठमा लगाउने पासिङ टाँचाको नमूना**

**रौतामाई गाऊंपालिका,**

**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**

**१ नं प्रदेश**

**रौतामाई गाऊंपालिकाको पासिङ टाँचाको नमूना**

डायमीटर १.४ (३.५ सेमी) इञ्चको गोल आकारमा वीचमा गाऊंपालिकाको लोगो राख्नेर निम्न अनसुार National Database अनसुार Code राख्ने।

(क) माथि जिल्ला कोड UDA
(ख) तल स्थानीय तहको कोड …..
(ग) तल वीचमा टाँचाको नाम **" रौ.गा.पा. जा"** राख्ने
(घ) टाँचाको संख्याको आधारमा त्यसको तल टाँचा नम्वर राख्ने

अनुसूची– १०

(दफा (१५) को उपदफा (५) संग सम्बन्धीत)

## विक्री गरेको काठमा लगाउने टाँचाको नमूना

**रौतामाई गाऊंपालिका,**
**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**
**१ नं प्रदेश**

**रौतामाई गाऊंपालिका उदयपुरको विक्री टाँचाको नमूना**

डायमीटर १.४ (३.५ सेमी) इन्चको गोल आकारमा वीचमा गाऊंपालिकाको लोगो राख्नेर निम्न अनसुार National Database अनसुार Code राख्ने।

(क) माथि जिल्ला कोड UDA
(ख) तल स्थानीय तहको कोड …..
(ग) तल वीचमा टाँचाको नाम **" रौ.गा.पा. विक्री"** राख्ने
(घ) टाँचाको संख्याको आधारमा त्यसको तल टाँचा नम्वर राख्ने

अनुसूची– ११

(दफा (१५) को उपदफा (५) संग सम्बन्धीत)

## गाऊंपालिका वन पैदावार आपूर्ती समितिले विक्री गरेको काठमा लगाउने टाँचाको नमूना

**रौतामाई गाऊंपालिका,**
**गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर**
**१ नं प्रदेश**

**रौ.गा.पा. उदयपुरको आपूर्ती समितिको विक्री काठमा लगाउने टाँचाको नमूना**

डायमीटर १.४ (३.५ सेमी) इन्चको गोल आकारमा वीचमा गाऊंपालिकाको लोगो राख्नेर निम्न अनसुार National Database अनसुार Code राख्ने।

(क) माथि जिल्ला कोड UDA
(ख) तल स्थानीय तहको कोड …..
(ग) तल वीचमा टाँचाको नाम **"रौ.गा.पा. विकास"** राख्ने
(घ) टाँचाको संख्याको आधारमा त्यसको तल टाँचा नम्वर राख्ने

अनुसूची– १२

(दफा (१६) को उपदफा (९) संग सम्बन्धीत)

**गाऊंपालिका क्षेत्रको सार्वजनिक, शहरी क्षेत्रको लिलाम विक्री गरेको काठको लागि दिईने ईजाजत पत्रको नमूना**

## रौतामाई गाऊंपालिका,
## गाऊं कार्यपालिकाको कार्यालय, भूटार, उदयपुर
## १ नं प्रदेश

मिति: …………………..

श्री ..............................

................................... ।

विषय: ईजाजत दिईएको सम्बन्धमा ।

तपाईले आफ्नो यस गाऊंपालिका अन्तर्गत ....................... स्थानमा कटान मुछान भई .................... स्थानमा घाटगद्दी भएको तपिसल अनुसारको वन पैदावार लिलाम बिक्री हुदा तपाईले कबोल गरेको रकम सबै भन्दा बढी भएकोले मिति ....................... को निर्णय अनुसार तपाईको नाममा लिलाम सदर भएको हुदा ............... टाँचा निसाना लागेको तपसिल बमोजिमको वन पैदावार आजको मितिले ............... दिनभित्र .................... स्थानबाट ......................... स्थानसम्म उठाई लैजाने गरी यो ईजाजत दिईएको छ । सम्वन्धित सव डिभिजन वन कार्यालय वा वन चेक पोष्टमा अनिवार्य रुपमा चेकजाँच गराई लैजानुहोला ।

तपिसल

| क्र.स. | वन पैदावारको विवरण | | | | दर प्रति ईकाई | जम्मा रकम | संकलन खर्च | मु.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | किसिम | जात | थान | परिमाण | | | | | |
| | गोलिया क्यू.फि. | | | | | | | | |
| | चिरान क्यू.फि. | | | | | | | | |
| | दाउरा चट्टा | | | | | | | | |
| | जडिवुटी कि.ग्रा. | | | | | | | | |

ईजाजत दिने कर्मचारीको

नाम:

दस्तखत / मिति:

**बोधार्थ:**

अन्तरिक राजस्व कार्यालय:

बाटोमा पर्ने वन पैदावार चेकपोष्ट: